का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ असार २०७९,
शनिबार
25 June 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १४० । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## मन्त्री हेरफेर प्रयास

# अनिर्णयले निम्ताउँदै संकट

नेकपा एकीकृत समाजवादीको मन्त्रीहरु फेर्ने निर्णय, तत्काल मन्त्री नफेर्ने प्रधानमन्त्रीको अडान र प्रमको अडानलाई साथ दिने माओवादी र जसपाको निर्णयले संकट निम्तिएको छ । मन्त्री हेरफेरको चर्चापछि सम्बन्धित मन्त्रालयहरुमा भने कामै हुन छाडेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० असार ।

नेकपा एकीकृत समाजवादी पार्टीले आफ्नो पार्टीका तर्फबाट सरकारमा सहभागी भएका सबै मन्त्रीहरुलाई फिर्ता बोलाएर नयाँ पठाउने निर्णय लिएको २२ दिन भयो ।

एकीकृत समाजवादीले २२ जेठमा चार मन्त्री (रामकुमारी, विरोध, प्रेम र कृष्णकुमार)लाई फिर्ता बोलाउने निर्णय गरेको थियो । उनीहरुसँगै सरकारमा गएका स्वास्थ्यराज्यमन्त्री भवानी खापुङलाई भने मन्त्री बनाउने सिफारिस गरिएको छ । यस्तै मेटमणि चौधरी, जीवनराम श्रेष्ठ र शेरबहादुर कुँवरलाई मन्त्री र हिरा केसीलाई राज्यमन्त्री बनाउने निर्णय भएको थियो ।

तर, बजेटमाथि छलफल भइरहेको भन्दै प्रधानमन्त्री देउवाले तत्काल मन्त्री हेरफेर गरेनन् । तत्काल मन्त्री फेरबदल गर्दा पर्न सक्ने संभावित असर केलाउँदै सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस र कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले केही दिन पर्खिन भने ।

सत्तासाझेदार दलले दलबाटै निर्णय गरेर आफ्नो पार्टीका तर्फबाट – बाँकी पृष्ठ २ मा



# मंसिर १० भित्र आम चुनाव

निर्वाचन आयोगले आगामी मंसिर १० गतेभित्र आम चुनाव गर्ने गरी आन्तरिक तयारी अगाडि बढाएको छ । सरकारले पनि छिट्टै चुनावको मिति घोषणा गर्ने संकेत दिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० असार ।

निर्वाचन आयोगले आगामी मंसिर १० गतेभित्र आम चुनाव गर्ने गरी आन्तरिक तयारी अगाडि बढाएको छ । स्रोतका अनुसार आयोगले सरकारलाई कात्तिक ३० गते आम चुनाव गर्ने मिति प्रस्ताव नै गरिसकेको छ । सरकारले पनि छिट्टै चुनावको मिति घोषणा गर्ने संकेत दिएको छ ।

प्रमुख निर्वाचन आयुक्त थपलिया दिनेश थपलिया मंसिर १० गतेभित्र प्रदेश र संघीय संसदको निर्वाचन सक्ने गरी आयोगको तयारी गरिरहेको बताउँछन् ।

महिला तथा सामाजिक समितिको बैठकमा उनले आयोगले निर्वाचनको तयारी गरिरहेको जानकारी दिएका हुन् ।

'मंसिर १० गते भित्र प्रदेश र संघको निर्वाचनको काम सक्ने गरि आयोगले आन्तरिक तयारी गरेको छ । यहाँहरुलाई आग्रह कम्तीमा ३३ प्रतिशत उम्मेदवारी दर्ता हुने गरि भुमिका खेलिदिनुस' थपलियाले भने ।

सांसदहरुलाई कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवारी दर्ता हुने गरि भूमिका खेल्न आग्रह गरेका हुन् । स्थानीय तह निर्वाचन ऐनले प्रमुख उपप्रमुखमा ५० प्रतिशत महिला सहभागिताको कुरा गरे पनि एक पदमा मात्र उम्मेद्वारी दिंदा जो भए पनि हुने व्यवस्था भएकाले स्थानीय चुनावमा ५० प्रतिशत महिला सहभागिता हुन नसकेको बताए ।

उनले अब समानुपातिक सहभागिताको विषयमा केही कानुनी र व्यवहारिक कुराहरू मिलाउँदा संविधानको मर्म अनुसार नै हुने दाबी गरे । उनले भने, 'कुनै एक पदमा मात्रै उम्मेदवारी दिए महिलाको नै मनोनयन दर्ता गराउनु पर्ने – बाँकी पृष्ठ २ मा

# इन्धनमा कर घटाउन चौतर्फी दबाब




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० असार ।

इन्धनमा लगाउँदै आएको कर घटाउन सरकारमाथि चौतर्फी दबाब परेको छ । उपभोक्ता, विद्यार्थी संगठन, संसदीय समिति, व्यावसायी र राजनीतिक दलका नेताहरुले समेत इन्धनमा लगाउँदै आएको कर घटाउन सरकारलाई भनिरहेका छन् ।

शुक्रबार संसदीय समितिले सरकारलाई पेट्रोलियम पदार्थमा ५० प्रतिशत कर घटाउन सरकारलाई निर्देशन नै दिएको छ । दक्षिण एशियामै नेपालमा इन्धनको मुल्य महंगो भएको भनी सरकारको आलोचना भइरहेका बेला संसदीय समितिले इन्धन आयातमा ५० प्रतिशत कर घटाउन भनेको हो ।

> दक्षिण एशियाकौ तुलनामा नेपालमा इन्धनको मुल्य महंगो भएको भनी सरकारको आलोचना भइरहेका बेला सरकारमाथि इन्धनमा कर घटाउन चातर्फी दबाब परेको छ । तर, सरकारले दबाब महसुस गरेको छैन् ।

इन्धनको मुल्यको विषयलाई लिएर सडकदेखि सदनसम्म सरकारको आलोचना हुन थालेपछि प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चासो देखाएको हो । शुक्रबार सरोकारवालाहरुसँग छलफल गरेर समितिले पेट्रोलियम पदार्थमा लाग्दै आएको करमा ५० प्रतिशत घटाउन सरकारलाई निर्देशन नै दिएको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट सर्वसाधारणलाई असर पर्न गएको जनाउँदै समितिले तत्कालै करमा ५० प्रतिशत घटाएर जनतालाई राहत दिन भनेको हो ।

समितिअन्तर्गतको बजार अनुगमन उपसमितिको बैठकले आयल निगमका पदाधिकारीसँग समेत छलफल गरेको थियो । उपसमितिको निचोडपछि समितिले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र आयल निगमलाई हाल लाग्दै आएको करमा ५० प्रतिशत घटाउन निर्देशन दिएको हो । प्रचलित कानुन अनुसार हाल पेट्रोलमा प्रतिलिटर ६५ रुपैयाँ ६१ पैसा, डिजेलमा ४९ रुपैयाँ ५३ पैसा, मट्टितेलमा १४ रुपैयाँ, हवाई इन्धन आन्तरिकमा प्रतिलिटर २५ रुपैयाँ ७५ पैसा र खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर ३२० रुपैयाँ ८४ पैसा कर लाग्दै आएको छ ।

इन्धनको मूल्य बढेको विषयमा निर्माण व्यवसायीले असन्तुष्टि जनाउँदै आएका छन् । राष्ट्रिय गौरवका आयोजनाको काम पनि गर्न नसकिने अवस्था सिर्जना भएको उनीहरुको भनाइ छ ।

सरकारले इन्धनको मूल्य बढाएपछि निर्माण व्यवसायीले स्तब्ध भएको प्रतिक्रिया दिएका हुन् । निर्माण व्यवसायी महासंघले विज्ञप्ति निकालेर इन्धनमा भएको उच्च मूल्यवृद्धिले स्तब्ध भएको जनाइएको – बाँकी पृष्ठ २ मा

# इजाजत नवीकरणको पहल भइरहेको छ : संयोजक ढकाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संघको संस्थागत पहलमा सबै वैदेशिक रोजगार व्यवसायीहरूको इजाजतपत्र नवीकरणको पहल भइरहेको भन्दै परस्परमा भ्रम दुविधा हुने गतिविधि नगर्न वैदेशिक रोजगार व्यवसायीहरूलाई आग्रह गरेको छ ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले वार्षिकरूपमा एक सय जना कामदार पठाउन नसकेका वैदेशिक रोजगार कम्पनीको विवरण संकलन गरिरहेको छ भने नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संख्या सय समस्या समाधानका लागि पार्टीका नेताहरू ज्ञापनपत्र बुझाउँदै समस्याको सकेसम्म छिटो समाधान दिन माग गरिरहेको छ ।

शुक्रबार साँझ मध्यान्हसँगको कुराकानीमा संघका संयोजक विमल ढकालले म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लगातार दुई आर्थिक वर्षसम्म वार्षिक सय जना कामदार पठाउन नसकेको अवस्थामा इजाजतपत्र रद्द गर्ने र वैदेशिक रोजगार नियमावलीमा पनि इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन श्रम स्वीकृति लिएको हुनुपर्ने गरी गरिएको बाध्यात्मक व्यवस्था परिवर्तन गराउन उच्चतम पहल भइरहेको बताए ।

'वैदेशिक रोजगार ऐन कार्यान्वयनमा समस्या उत्पन्न भई बाधा परेमा त्यसको निकासका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट रायसहितको टिप्पणी उठाएर कानून मन्त्रालयको राय लिएर मन्त्रिपरिषद्मा पेश गरेर बाधा अड्काउ आदेश जारी गर्ने पहल भइरहेको छ,' संयोजक ढकालले – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### मञ्चद्वारा नेताहरुको ध्यानाकर्षण गराउने क्रम जारी

**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संख्या सयको समस्या समाधानका लागि पार्टीका तर्फबाट पहल गरीदिन प्रमुख प्रतिपक्षी नेकपा एमालेका नेताहरूको ध्यानाकर्षण गराउने क्रम जारी राखेको छ ।

बिहीबार एमाले केन्द्रीय कार्यालय च्यासलमा पार्टीको वैदेशिक रोजगार विभाग समेतका इन्चार्ज भानुभक्त ढकाललाई ज्ञापनपत्र बुझाएको मञ्च प्रतिनिधिमण्डलले शुक्रबार एमाले संसदीय दलका उपनेतन सुवासचन्द्र नेम्वाङलाई उक्त विषयमा ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी मञ्चले प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त हित समितिका सभापति विमलप्रसाद श्रीवास्तव तथा उपसमिति संयोजक एलपि साँवा लिम्बुलाई समितिको – बाँकी पृष्ठ २ मा

## माओवादी केन्द्र

# कहिलेसम्म पदाधिकारी विहीन ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० असार ।

नेकपा माओवादी केन्द्रले पार्टीको महाधिवेशन सकिएको ५ महिना बितिसक्दा समेत पदाधिकारीको टुंगो लगाउन सकेको छैन । गत पुसमा सम्पन्न भएको महाधिवेशनले पार्टीको अध्यक्षमा पुष्पकमल दाहाललाई सर्वसम्मत अध्यक्ष बनाउने निर्णय गरेपनि पदाधिकारीको नाम भने टुंगो लाग्न नसकेको हो ।

तर, पार्टीभित्रैबाट पदाधिकारी छनौटमा ढिलाई भएको आवाज सुनिन थालेपछि भने माओवादी केन्द्रले आगामी असारसम्ममा पार्टी कमिटीको जिम्मेवारी हस्तान्तरण गर्ने तयारी थालेको छ । 'अब असार १५ गते केन्द्रीय समिति बैठक अघि नै पदाधिकारीसहित स्थायी समिति, पोलिटब्युरो र बाँकी केन्द्रीय समिति टुंगो लगाउने गरी गृहकार्य भइरहेको छ ' माओवादी केन्द्रका नेता लिलामणि पोखे्रलले जानकारी दिए । अब बस्ने केन्द्रीय समिति बैठकबाट पदाधिकारीको नाम टुंग्याउने गरी शीर्षस्थ नेताहरुबीच छलफल भईरहेको नेता पोखरेलले बताएका हुन् ।




**महासचिवको आंकाक्षी बढी**

नेकपा माओवादी केन्द्रको महासचिव हुन सबैभन्दा बढी ईच्छुक स्थायी समिति सदस्य एवं अर्थमन्त्री जनार्दन शर्मा र अर्का स्थायी समिति सदस्य वर्षमान पुन देखिएका छन् । नेता पुन यसअघि सचिव र शर्मा स्थायी समिति सदस्य मात्रै थिए । तर, पछिल्लो समय शर्मा पार्टी संगठन विभाग प्रमुख बनेका छन् । त्यसैगरी उर्जामन्त्री पम्फा भुसालले पनि महासचिवको तीव्र आकांक्षी देखिएकी छिन् । अध्यक्ष प्रचण्डपछि पार्टीको नेतृत्वमा पुग्ने योजना बनाएकी भुसालले अहिले महासचिव हुनका लागि पहल गरिरहेको उनी निकटस्थ नेताहरु बताउँछन् । उनी स्थायी समिति सदस्य देव गुरुङ लगायत नेताहरूलाई मिलाएर सबै महिलाको प्रतिनिधित्वसमेत हुने गरी महासचिवमा दाबी गर्ने योजनामै देखिन्छिन् ।

अर्का स्थायी समिति सदस्य शक्तिबहादुर बस्नेत पनि महासचिवको दौडमा छन् । यसअघि पार्टी सचिव भएका उनी पार्टीको वन – बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# ६ वटै महानगरको बजेटः पूर्वाधार निर्माण प्राथमिकता

काठमाडौं/मस- छ वटै महानगरपालिकाले पूर्वाधार निर्माणलाई केन्द्रमा राखेर शुक्रबार बजेट सार्वजनिक गरेका छन् । कानुनले निर्धारण गरेकै मितिमा काठमाडौं, ललितपुर, विराटनगर, वीरगञ्ज, भरतपुर र पोखरा महानगरले बजेट सार्वजनिक गरेका हुन् ।

काठमाडौं महानगरले २५ अर्ब ४१ करोड ९६ लाख ९६ हजार रुपैयाँको बजेट ल्याएको छ ।

काठमाडौं महानगरपालिकाले कुल बजेटको ४९ प्रतिशतभन्दा बढी विकासमा लागि छुट्याएको छ ।

बजेटमा वृद्धलाई घरघरमा स्वास्थ्य परीक्षण र औषधी वितरण, बसपार्कमा फल्चा निर्माणको विषय पनि समावेश गरेको छ । वडा वडामा मेलमिलाप केन्द्रको विषय समेत बजेटमा उल्लेख छ।

भौतिक पूर्वाधार विकास, फोहरमैला व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, भाषा, संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धनजस्ता विषयलाई पनि बजेटमा समेटिएको छ ।

त्यस्तै ललितपुर महानगरपालिकाले ६ अर्ब ३५ करोड ३५ लाख रुपैयाँको बजेट ल्याएको छ । कालोपत्रे भएको भएका सडकहरु दुई वर्षसम्म खन्न स्वीकृती नदिने, जन सहभागितामा पूर्वाधार निर्माण गर्ने कार्यक्रम ललितपुरले समेटेको छ ।

यस्तै भरतपुर महानगरपालिकाले ५ अर्ब ७४ करोड ४२ लाख ५६ हजार बराबरको बजेट सार्वजनिक गरेको छ ।

एकीकृत सहरी विकास गुरुयोजर्ना, सहरी क्षेत्रमा सतह ढल निर्माण, विद्युतीय बस खरिद, सार्वजनिक शौचालय, स्याटेलाइट टाउन, आकाशेपुल लगायतका कार्यक्रममा बजेटमा छन् ।

त्यस्तै पोखरा महानगरपालिकाले चालु आर्थिक बर्ष भन्दा दुई अर्ब बढाएर साढे ८ अर्ब रुपैयाँ बराबरको बजेट ल्याएको छ । पोखराको बजेटमा रोजगार, ल्यान्डफिल साइट स्थानान्तरण, बसपार्क निर्माण, बिजलुी तार भूमिगत गर्ने विषय प्राथमिकतामा छन् ।

विराटनगरले तीन अर्ब ६२ करोड ५५ लाख ६७ रुपैयाको बजेट सार्वजनिक गरेको छ । महानगरले वडास्तरीय आयोजनामा ४१ करोड नगरस्तरीय आयोजनाका लागि ३० करोड, बहुवर्षीय तथा गौरवका आयोजनाका लागि २९ करोड बजेट छुट्टाएको छ ।

वीरगञ्ज महानगरपालिकाले ३ अर्ब ३३ करोड ६३ लाख २६ हजार रुपैयाँको बजेट ल्याएको छ । औद्योगिक तथा व्यापारिक सहर, सुसंस्कृत सभ्य हाम्रो वीरगञ्ज महानगर भन्ने नारा सहित सार्वजनिक बजेटमा शहरी पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ । महानगरले शिक्षा, स्वास्थ्य पूर्वाधार र सामाजिक विकासमा सबैभन्दा बढी बजेट बिनियोजना गरेको छ । सबै महानगरले महिला, बालबालिका तथा जेष्ठ नागरिक र अपांगता क्षेत्रमा पनि बजेट विनियोजन गरेका छन् ।

# हत्या आरोपमा पति र ससुरा पक्राउ

**जनकपुर/मस–** पत्नीको घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले पति र ससुरालाई पक्राउ गरेको छ ।

धनुषाको शहीदनगर नगरपालिका-८ नाथपट्टीकी गौरीदेवी मण्डलको घाँटी थिचेर हत्या गरेको आरोपमा उनका पति रामचन्द्र मण्डल खत्वे र ससुरा सहदेव मण्डल खत्वेलाई प्रहरीले पक्राउ गरेको हो । दुवै जनाले मिलेर घाँटी थिची हत्या गरेको भन्दै मृतक गौरीकी आमा सिरहाको गोलबजार नगरपालिका-५ की तेतरीदेवी मण्डलले २०७८ कात्तिकमा इलाका प्रहरी कार्यालय यदुकाहामा कर्तव्य ज्यान मुद्दाअन्तर्गत जाहेरी दर्ता गराएकी थिइन् ।

सोही जाहेरीको आधारमा दुवै जनालाई भारतको लदनियाबाट पक्राउ गरी नेपाल ल्याइ थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए ।

## मन्त्री...

मन्त्रिपरिषदमा रहेका सदस्यहरु हेरफेर गर्न लाग्दा रोक्ने प्रधानमन्त्रीलाई सत्तासाझेदार दल नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा)ले पनि साथ दिए । यी दुबै दलले कुनै दलले मन्त्री फेरे आफ्नो पार्टीमा पनि सोही माग आउन सक्ने भनी अर्को दलको निर्णय नै रोक्ने भूमिका खेले ।

नेकपा माओवादी केन्द्रबाट अर्थमन्त्री रहेका जनार्दन शर्मामाथि प्रश्न उठाएर पार्टी भित्रैबाट आलोचना भइरहेको छ भने पार्टी बाहिरबाट राजीनामा माग भइरहेको छ । नेकपा एकीकृत समाजवादीका मन्त्रीहरु फेरिँदा यो विषय माओवादीभित्र थप चर्को रुपमा उठ्न सक्छ ।

जसपामा अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद अध्यक्ष बाबुराम भट्टराईबीच राजनीतिक प्रतिस्पर्धा छ । एकले अर्कोलाई आफ्नो अण्डरमा राख्ने प्रयास गर्दौ पार्टी नै फुटको संघारमा पुगेको भनी स्वमं पार्टीका नेताहरुले बताइरहँदा मन्त्री हेरफेरको माग उसैगरी उठेको छ। नेकपा एकीकृत समाजवादीका तर्फबाट मन्त्रीहरु फेरि जसपालाई पनि मन्त्रीहरु फेर्ने दबाब थप पर्न सक्ने शीर्ष नेतृत्वको आंकलन छ।

माओवादी केन्द्र र जसपाभित्र मन्त्री फेरबदलका कारण संकट निम्तिने खतरा देखिएका बेला एकीकृत समाजवादीभित्र भने मन्त्री नफेरिए समस्या आउने चेतावनी सोही पार्टीका नेताहरुले दिएका छन् । यसैको पछिल्लो उदाहरण हो- एकीकृत समाजवादीका १० सांसदको निर्णय ।

शुक्रबार पार्टी अध्यक्ष माधवकुमार नेपाललाई ८ बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै उनीहरुले बजेटमाथि छलफल चलिरहेका बेला मन्त्रीमण्डल पुनर्गठन गर्न खोज्नुलाई स्वाभाविक मान्न नसकिने आफुहरुको निर्णय सुनाएका छन् । मन्त्री हेरफेरको विपक्षमा उभिने एकीकृत समाजवादीका १० नेता हुन - मन्त्रीबाट फिर्ता बोलाउने निर्णय भएका रामकुमारी झाँक्री, विरोध खतिवडा, प्रेम आले र कृष्णकुमार श्रेष्ठ । सांसदहरु कृष्णलाल महर्जन, गोपालबहादुर बम, बिनादेवी बुढाथोकी, पुष्पाकुमारी कर्ण, धनबहादुर बुढा र निरा जैरुले पनि मन्त्री हेरफेरको विपक्षमा मत दर्ज गरेका छन्। अध्यक्ष नेपाललाई बुझाइएको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'मन्त्रीहरुले संसदमा बजेटसम्बन्धी आफ्नो धारणा राख्ने र माननीय सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिएर बजेट पास भएपछि छाड्छौं भन्ने प्रतिवद्धतालाई कमजोरी ठानियो । यो व्यवहारप्रति हामी गम्भीर छौं ।' पालैपालो मन्त्री बनाउने नेतृत्वको भनाइलाई सही मान्ने हो भने सबैलाई एउटौ मापदण्ड नभएको, गैरसांसद र एउटै जिल्लाबाट दुई जना मन्त्री सिफारिस भएको र पुराना र नयाको सन्तुलन नमिलेको पनि सांसदहरले बताएका छन् ।

१० सांसदले तत्काल संसदीय दलको बैठक बोलाउन तथा पुरानो टिम पुरै फिर्ता र नयाँ टिम सन्तुलन र समावेशी सिद्धान्तका आधारमा सिफारिस गर्न माग गरेका छन् ।

करिब एक महिनादेखि मन्त्री हेरफेरको प्रयास थाहा पाएपछि सम्बन्धित मन्त्रालयहरुमा भने काम हुन छाडेका छन् । नयाँ मन्त्री आएपछि के कस्ता कामहरु भएका छन् भनेर बृफिङको तयारीमा कर्मचारी जुट्दा विभागीय मन्त्रीले भनेको समेत मन्त्रालयका कर्मचारीले अटेर गर्न थालेको मन्त्री हेरफेरको हल्ला भइरहेका मन्त्रालयका कर्मचारीहरु नै स्वीकार गर्छन । यसको संकेत स्वमं मन्त्रीहरुले पनि गरेका छन्।

शुक्रबार मात्रै सहरी विकास मन्त्री रामकुमारी झाँक्रीले मन्त्री परिवर्तन भए सहरी विकासका नयाँ नीतिहरू शून्यबाट निर्माण गर्नुपर्ने बताएकी हुन् ।

प्रतिनिधिसभाअन्तर्गतको विकास तथा प्रविधि समितिमा काठमाडौं उपत्यका विकास प्राधिकरणको वर्तमान अवस्था विषय छलफलमा बोल्दै मन्त्री झाँक्रीले सहरी विकासका लागि ड्राफ्ट भएका सबै नयाँ नीतिहरु मन्त्री परिवर्तन भए शून्यबाट बनाउन सुरु गर्नुपर्ने बताएकी हुन्।

मन्त्री फेरिँदा के भइरहेको कुरा जानकारी नहुने भन्दै सरकार परिवर्तन हुँदा नयाँ सहमति, योजना र नीति बनाएर शून्यबाट काम सुरु गर्नुपर्ने अवस्था रहेको उनले बताइन् ।

'सरकारका मन्त्री फेरिएर के भएको छ थाहा छैन । सरकार फेरियो भने नयाँ सहमति,नयाँ योजना र नयाँ नीति हुने भएकाले शून्यबाट सुरु गर्नुपर्छ । राष्ट्रिय सहरी नीति सरकार परिवर्तन भएको भएर शुन्यबाट सुरु गर्‍यौं । योभन्दा अगाडि भएका नीतिहरु शून्यबाट नै सुरु गरेका हौं । मेरो ठाउँमा अर्को मन्त्री आयो भनेपनि त्यो शून्यबाट नै सुरु हुन्छ फेरि,'मन्त्री झाँक्रीले भनिन्। मन्त्री फेर्न नहुने मत प्रकट गर्दै उनले यस्तो तर्क गरेकी हुन् ।

## इन्धनमा...

हो । इन्धनको मूल्यवृद्धिले रुग्ण अवस्थामा रहेको निर्माण उद्योग थप आक्रान्त महासंघले जनाएको छ । महासंघले यहीबेला बैंकहरुले पनि बैंक ग्यारेण्टी दाबी गरी ठेक्का तोडेर अमानवीय काम गरेको बताएको छ ।

आम उपभोक्ता,
व्यावसायीहरुले मात्रै नभएर सत्तारु दलका नेताहरुले नै पनि इन्धनमा लगाउँदै आएको कर घटाउन सरकारलाई आग्रह गर्दै आएका छन् ।

शुक्रबार मात्रै
कांग्रेसका नेता शेखर कोइरालाले तत्कालका लागि पेट्रोलियम पदार्थका कर घटाउन सरकारलाई सुझाव दिए । उनले ट्वीट मार्फत प्रतिलिटर २६.६२ रुपैयाँ अन्तराष्ट्रिय बजारमा मूल्य नघट्दासम्म नलिने निर्णय गर्नुपर्ने सुझाव उनले दिएका हुन् ।

जनतालाई महँगीको चपेटाबाट बचाउन र आर्थिक गतिविधि गतिशिल बनाईराख्न कर नलिन निर्णय गर्न उनको सुझाव छ । यस्तो व्यवस्था अन्तर्राष्ट्रय बजारमा पेट्रोलियम पदार्थको मूल्य नघट्दासम्म कायम राख्नुपर्ने उनको भनाइ छ । उनले भन्सार र प्रज्ञापन शूल्क आधा मात्र लिन र बाँकी कर हटाउन भनेका हुन् ।

'जनतालाई महँगीको चपेटाबाट बचाउन र आर्थिक गतिविधि गतिशिल बनाई राख्न सरकारले पेट्रोलियम पदार्थको मूल्यमा लाग्ने पूर्वाधार कर १० रुपैयाँ, सडक मर्मत कर ४ रुपैयाँ र भन्सार र प्रज्ञापन शुल्क २५.२३ रुपैयाँ को आधा १२.६२ गरी जम्मा २६.६२ रुपैयाँ प्रति लिटर अन्तर्राष्ट्रिय बजारमा मूल्य नघटदा सम्म नलिने निर्णय गरोस' कोइरालाले ट्वीट गर्दै भनेका छन् ।'

## मंसिर...

व्यवस्था गर्नुपर्छ, त्यसका लागि सहयोग गर्नुहोस् ।' निर्वाचन महँगो खर्चिलो र भड्किलो हुनु नैतिकताको विषय रहेको भन्दै थपलियाले चुनाव खर्चिलो र भड्किलो भयो भनेर आयोगको आलोचना भइरहेकोमा आपत्ति जनाए ।

'आफैं खर्चको सिमा तय गर्ने, आफैं कानून बनाउने, तर आफैं नियम पालना नगर्ने ?' उनले भने, 'अझ आयोगमा आफैंले बुझाएको खर्चको विवरण सही होइन भन्ने ? यो के हो ? यसको समाधान अन्त कतै छैन हामी भित्रै छ ।' उनले आयोग कम खर्चिलो चुनाव गराउन तयार रहेको पनि बताए ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार पनि आम चुनावको मिति घोषणा गर्ने तयारी भएको छ । अहिले मतदाता नामावली संकलन गरिरहेको जानकारी दिँदै पौडेलले चुनावको मिति घोषणा भएपछि निर्देशिका बनाउने लगायतका महत्वपुर्ण कामहरु हुने बताए ।

## इजाजत...

भने, 'संघले गरेको पहलले श्रम मन्त्रालयबाट कानून मन्त्रालयमा फाइल पुग्ने तयारीमा छ, यस्तो अवस्थामा भ्रम उत्पन्न हुने गरी अन्यत्र गरिने भेटघाट र सामाजिक सञ्जालमा सस्तो लोकप्रियताका लागि गरिने प्रचार प्रसारको अर्थ छैन ।'

'समस्याको समाधान श्रम मन्त्रालयका सचिव, मन्त्रालयका मन्त्री, मुख्य सचिव वा प्रधानमन्त्रीसँग छलफलपछि मात्र आउने हो, तर यी व्यक्तिहरूको छाँयासमेत देख्न भेट्न नपाउनेहरूसँग गरिने छलफलले समस्याको समाधान भन्दा परिस्थितिलाई अन्यत्रै मोड्न नकारात्मक भूमिका खेल्ने खतरा हुन्छ,' संयोजक ढकालले अगाडि भने, 'परिस्थिति बिग्रन सक्ने विषयमा व्यवसायीहरू गम्भीर र संवेदनशील हुन आवश्यक देखिएको छ ।'

## मञ्चद्वारा...

कार्यलय सिहंदरबारमा ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझाउँदै मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार ऐनको दफा १३ (घ) मा म्यानपावर कम्पनीको ईजाजत नवीकरण गर्न लगातार दुई आर्थिक वर्षसम्म सय जना कामदार पठाउन नसकेको अवस्थामा इजाजतपत्र रद्द गर्ने र वैदेशिक रोजगार नियमावलीमा पनि इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन श्रम स्वीकृति लिएको हुनुपर्ने गरी गरिएको बाध्यात्मक व्यवस्था अव्यवहारिक रहेकोले परिवर्तन हुनुपर्ने विषयमा ध्यानाकर्षण गराएको बताए ।

मञ्चका महासचिव जनक रावलले समिति सभापति श्रीवास्तवले सरोकारवाला सबै पक्षको उपस्थितिमा छलफल गरी असार १३ गतेसम्म सरकारलाई उपयुक्त निर्देशन दिने आश्वासन दिएको जानकारी दिए । उपसमिति संयोजक लिम्बुले पनि व्यवसायीहरूले निर्वाधरूपमा पेशा व्यवसाय गर्न पाउने गरी निर्देशन गरिने आश्वासन दिएको महासचिव रावलले बताए ।

मञ्चले यसअघि नै मन्त्रीपरिषद्ले त्यसलाई संशोधन गर्न वैदेशिक रोजगार ऐन परिमार्जन गर्ने निर्णय गरिसकेको स्मरण गराइएको बताएको छ ।

## माओवादी....

तथा वातावरण विभाग प्रमुख र कर्णाली प्रदेश इन्चार्जको जिम्मेवारीमा छन्। 'पार्टी स्थायी समिति सदस्यहरुले पदाधिकारीका निम्ती अपेक्षा राख्नु स्वाभाविक कुरा हुन्छ। ती सबै विषय आपसी छलफलबाट टुंगो लगाउछौँ ' नेता बस्नेतले भने। उनले छिट्टै पदाधिकारी टुंग्याएर स्थानीय चुनावको समीक्षा हुने पनि बताएका छन् । त्यस्तै, नेता नारायणकाजी श्रेष्ठ निकट मानिने गिरिराजमणि पोखेल पनि महासचिवको दौडमा छन् । यसअघि शिक्षामन्त्री र पार्टीको सचिव बनेका पोखेलले आफूलाई पनि दाबेदार मान्दै आएका छन् । यसअघि पार्टीको कोषाध्यक्ष रहेका स्थायी समिति सदस्य हरिबोल गजुरेलसमेत महासचिवमा दाबी गर्ने योजनामा छन् । महासचिव नपाए उपाध्यक्ष हुने तयारीमा उनी छन् । पार्टीभित्र तीव्र आकांक्षा देखिएको महासचिव पद कसलाई दिन्छन् त्यो भने अध्यक्ष प्रचण्डकै हातमा छ ।

साउदीमा रोजगार | कम्पनी : Ali Mohammed Abdullah Albadh General Contracting Est.
शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७८/१०/२८ चलानी नं.: ६०१७४३२४ L.T. No.: 257583 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 21 | 0 | स. काममा दक्ष | 1000 | ३३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १८ गते (2 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

PEOPLE H.R.S. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Gov. Lic No. 1475/074/075 Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : DOHA GROUP TRADING & CONTRACTING WLL शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७७/११/०३ चलानी नं.:६०१५४५४७ LT. No.: 236059 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 3 | 0 | | 1100 | ३७,३१२ | | | | | | | |
| 3. | Painter | 13 | 0 | | 1100 | ३७,३१२ | | | | | | | |
| 4. | Electric | 1 | 0 | | 1100 | ३७,३१२ | | | | | | | |
| 5. | Labourer | 14 | 0 | | 1000 | ३३,९२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १८ गते (2 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३
श्रम इजाजत नं. ८६४/०६६/०६७
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np

कर्णाली प्रदेश सरकार
सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

दैलेख, नेपाल

### आर्थिक प्रस्ताब (Financial Bid) खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७९/०३/११**

यस कार्यालयबाट मितिः २०७९/०१/२३ गतेका दिन मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा तथा EGP मार्फत प्रकाशित बोलपत्र आव्हानको सूचना नं. IFB No. M 04–078/079 अनुसार देहायका ठेक्का नं. र ठेक्का शिर्षकका लागि रीतपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरुको प्राविधक प्रस्ताब (Technicl Bid) मूल्यांकन गर्दा बोलपत्रसम्बन्धी कागजातमा उल्लखित मूल्यांकन र योग्यताको सबै आधारहरुमा सफल भई छनौट भएका देहाय बमोजिमका सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब (Financial Bid) तपसिलको मिति, स्थान र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.N. | | List of Successful Bidders | Address of Successful Bidders | Contract ID Number & Title | Financial Bid Opening Date, Time & Place |
|---|---|---|---|---|---|
| 1 | 1.1 | Shyam & Shankar Construction – Jawala Panchkoshi JV | Birendranagar, Surkhet | IDO/Dailekh/W/NCB /41/078/079 & Construction of Narayan Nagarpalika Ring Road | 2079/03/18 (2nd July, 2022), 13:00 Hours, in Infrastructure Development Office, Dailekh. |
| | 1.2 | Shanidev Nirman Sewa Pvt. Ltd. | Mahendranagar, Kanchanpur | | |
| | 1.3 | R.D. – Hamro JV | Birendranagar, Surkhet | | |
| | 1.4 | Nana Construction | Dhading | | |

| S.N. | | List of Successful Bidders | Address of Successful Bidders | Contract ID Number & Title | Financial Bid Opening Date, Time & Place |
|---|---|---|---|---|---|
| 2 | 2.1 | Shyam & Shankar Construction Pvt. Ltd. | Birendranagar, Surkhet | IDO/Dailekh/W/NCB/42/078/079 & Construction of Taraghat -Karigaira – Gaidabaj – Raniban – Takuri – Kasikandha Road | 2079/03/18 (2nd July, 2022), 13:00 Hours, in Infrastructure Development Office, Dailekh. |
| | 2.2 | Pantha – Akriti JV | Resunga, Gulmi | | |

| S.N. | | List of Successful Bidders | Address of Successful Bidders | Contract ID Number & Title | Financial Bid Opening Date, Time & Place |
|---|---|---|---|---|---|
| 3 | 3.1 | Shyam & Shankar Construction Pvt. Ltd. | Birendranagar, Surkhet | IDO/Dailekh/W/NCB/43/078/079 & Construction of Shreesthan – Dadimadi – Chamunda – Rakam Road | 2079/03/18 (2nd July, 2022), 13:00 Hours, in Infrastructure Development Office, Dailekh. |
| | 3.2 | Pantha Nirman Sewa Pvt. Ltd | Resunga, Gulmi | | |
| | 3.3 | Majdur – Nepal Mega JV | Birendranagar, Surkhet | | |
| | 3.4 | Caravan – Hamro JV | Gopikirshna, Kathmandu | | |
| | 3.5 | KSK –Nanjila & Aakansha JV | Birendranagar, Surkhet | | |
| | 3.6 | Puspanjali – P.S. JV | Naubasta, Banke | | |

| S.N. | | List of Successful Bidders | Address of Successful Bidders | Contract ID Number & Title | Financial Bid Opening Date, Time & Place |
|---|---|---|---|---|---|
| 4 | 4.1 | Nana Construction Pvt. Ltd. | Nilkantha-5, Dhading | IDO/Dailekh/W/NCB/46/078/079 & Construction of Santada – Meheltoli – Patihalna – Jajarkot (Sahid Mayaram Marga) Sadak, | 2079/03/18 (2nd July, 2022), 13:00 Hours, in Infrastructure Development Office, Dailekh. |

# नागरिकता विधेयक तत्काल अघि बढाउन माग



**काठमाडौं/मस–** राष्ट्रियसभाको बैठकमा सांसदले नागरिकतासम्बन्धी विधेयक शीघ्र अघि बढाउने गरी प्रक्रिया सुरुवात गर्न सरकारसँग आग्रह गरेका छन्। शुक्रबारको बैठकमा सांसद जितेन्द्रनारायण देवले संविधानमा रहेको नागरिकतासम्बन्धी व्यवस्थाका विषयमा सहमति गरी विधेयक अघि बढाउन सरकारसँग आग्रह गरे। उनले भने 'संविधानमा भएको व्यवस्था बाझिने गरी कानुन बनाए।'

सांसद रामचन्द्र राईले केही सीमित व्यापारिका हितमा हुनेगरी बजेटमा करको दर फेरबदल हुनु उचित नभएको टिप्पणी गरे। उनले नागरिकतासम्बन्धी विषय जनताको दैनिकीसँग जोडिएको विषय भएकाले यससम्बन्धी विधेयक सदनमा प्रस्तुत गर्न माग गर्दै ढिलै भए पनि गृहमन्त्रालयले यस सम्बन्धमा पहल गरेकामा सरकारलाई धन्यवाद दिए।

सांसद बिना पोखरेलले मनसुनी विपद्बाट हुने सम्भावित क्षति रोक्न बेलैमा तयारी थाल्न सरकारसँग आग्रह गर्दै मूल्य वृद्धि भएकोतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराइन्। उनले रसायनिक मलको कमी देखिएको वर्तमान अवस्थामा किसानलाई प्रोत्साहन गर्न तथा कृषि उत्पादन बढाउन सरकारले बेलैमा मलको आपूर्ति गरी वितरणका लागि सहज अवस्था निर्माण गर्नसमेत आग्रह गरिन्।

सांसद राजेन्द्रलक्ष्मी गैरेले उच्च मूल्यवृद्धिले जनतालाई समस्या बनाएकाले समाधानका उपाय पहिल्याउन सरकारसँग आग्रह गरिन्। उनले आमाको नामबाट नागरिकता दिन सकिने कुरा कानुन नबनेका कारण समस्या उत्पन्न भएको जनाउँदै नागरिकतासम्बन्धी संविधानको व्यवस्था तुरुन्त कार्यान्वयन गर्न माग गरिन्।

सांसद सुरेशकुमार आलेमगरले नागरिकसम्बन्धी विषय संवेदनशील भएकाले यसमा सबै दलबीच सहमति गरी शीघ्र कानुन निर्माणमा जुट्नुपर्ने धारणा व्यक्त गरे। उनले संविधानमा व्यवस्था भएको आमाको नामबाट नागरिकता दिने विषय कार्यान्वयनमा भएको ढिलाइप्रति सरकारको ध्यानाकर्षण गराए।

सांसद डा. विमला राई पौड्यालले शारीरिक र मानसिकरुपमा स्वास्थ्य हुन विवाह गर्ने उपयुक्त उमेर २० वर्ष उपयुक्त हुने जनाउँदै यसलाई घटाउन नहुने धारणा व्यक्त गरिन्। सांसद नरबहादुर विष्टले रमसायनिक मलको आयात सहज गरी आपूर्ति गर्न सरकारसँग जवाफ माग गरे।

सांसद देवेन्द्र दाहालले समान दृष्टिकोणका आधारमा मित्र राष्ट्रसँग सम्बन्ध राख्नुपर्ने धारणा व्यक्त गरे। सांसद प्रकाश पन्थले तनहुँमा स्थापना गरिएको जिपी कोइराला श्वासप्रश्वास अस्पतालले जनशक्तिको अभावमा उचित सेवा प्रवाह गर्न नसकेको उल्लेख गर्दै प्रतिष्ठित प्रतिष्ठान बनाउने सम्बन्धमा सरकारको ध्यानाकर्षण गराए। यसैबीच राष्ट्रियसभाको बैठकमा तीन विधेयक टेबुल भएका छन्। राष्ट्रियसभाका सचिव राजेन्द्र फुयाँलले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त तीन विधेयक 'आर्थिक विधेयक, २०७९', राष्ट्र ऋण उठाउने विधेयक, २०७९ र ऋण तथा जमानत (२५ औँ संशोधन), २०७९ पेश गरेका हुन्।

त्यस्तै, बैठकले 'कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ। उक्त विधेयक स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाको तर्फबाट राज्यमन्त्री भवानीप्रसाद खापुङले पेश गरेका थिए। बैठकमा 'रेल्वे विधेयक, २०७९ माथि विचार गरियोस' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ। उक्त प्रस्ताव भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले पेश गरेकी थिइन्। राष्ट्रियसभाको अर्को बैठक असार १२ आइतबार ११ बजे बस्नेछ।

# प्रशिक्षण प्रतिष्ठानको प्रमुखमा खड्का

**काठमाडौं/मस–** नेपाली कांग्रेसले पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको प्रमुखमा उपसभापति पूर्णबहादुर खड्कालाई जिम्मेवारी दिएको छ।

पार्टी सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसको विधान २०१७ (संशोधन सहित)को धारा, ३६ (१) (क) बमोजिम पार्टी उपसभापति खड्कालाई पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको प्रमुखमा शुक्रबार मनोनयन गरेका हुन्।

सभापति देउवाले पार्टीको विधानको धारा, ३६ र कांग्रेस नियमावली २०७६ को नियम ३३ बमोजिम गठन हुने प्रतिष्ठानको प्रमुखमा उपसभापति खड्कालाई मनोनयन गरेका पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

**साउदीमा रोजगार** | कम्पनी : **AL MASHREQ DESIGNS CONTRACTING EST.** शहर: **DAMMAM**

पुर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६५८ L.T. No.:263517 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1100 | ३६,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १८ गते (2 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं.: ७०१/०६३/०६४

**K L Employment Service (P) Ltd.**

शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४४६४११३, ४४९३१८०, फ्याक्सः ४४६९३२१

Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**Malaysia मा रोजगार** | १.कम्पनी: **EVEREST AISVARAM SDN BHD** शहर : **KLANG**

पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१५८१ LT. No.: 265456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **SKI ED COATING SDN.BHD.** शहर : **JALAN**

पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१४५४ LT. No.: 265312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १८ गते (2 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम ई. पत्र नं.: ११७१/०७३/०७४

**DITYA INTERNATIONAL PVT. LTD.**

Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260, 9823729649, 9808763291

E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

# 'नागरिकता विधेयक असारभित्रै पारित हुन्छ'

**महोत्तरी/मस–** लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारीले विगतदेखि अल्झँदै आएको नागरिकता विधेयक अब चाँडै संसद्बाट पारित हुने बताएका छन्। महोत्तरीको औरही नगरपालिकाको १०औं नगरसभाको उद्घाटन गर्दै उनले सत्तारुढ गठबन्धनसँग चाँडै नागरिकता विधेयक पारित गरिने सहमति भएको बताए। यो विधेयक पारित भएपछि मधेसको विगतदेखि बल्झँदै रहेको समस्या समाधान हुने उनको विश्वास छ।

'सत्तारुढ पाँचदलीय गठबन्धनसँग हाम्रो भएको सहमति पालना भए यही असारभित्रै विधेयक पारित हुनेछ', नेता भण्डारीले भने, 'सहमति पालना हुने विश्वासले यो चाँडै पारित हुन्छ भन्न सकिएको हो।' वैवाहिक अङ्गीकृत महिलाले यसअघि पाउँदै आएका नागरिकताको सहुलियत अहिलेको विधेयक मस्यौदामा फरक पारिँदा समस्या भएको भण्डारीको भनाइ छ। मस्यौदामा नेपालीसँग विवाह भएकी विदेशी महिलाले नागरिकता पाउन सात वर्ष कुर्नुपर्ने लेखिएको सच्याउनुपर्ने आफूहरूको माग रहेको भण्डारीले स्पष्ट पारे।

## मुसीकोटको नीति तथा कार्यक्रम

# 'आफ्नै गाउँ फर्की आउँ' कार्यक्रम समावेश

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, १० असार

मुसिकोट नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ। दोस्रो नगरसभाको बाह्रौँ बैठकमा नगरप्रमुख जीवन खरेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कृषिको बजारीकरणदेखि 'आफ्नै गाउँ फर्की आउँ' लगायतका कार्यक्रमहरु समावेश गरिएका छन्।

नीति तथा कार्यक्रममा कृषिमा विविधिकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीक बनाउने उल्लेख गरिएको छ। त्यस्तै गौरवका योजनालाई निरन्तरता दिने, कृषि एम्बुलेन्स सञ्चालनका लागि पहल गर्ने, वैदेशिक रोजगारी र बसाईसराईँलाई कम गर्न 'आफ्नै गाउँ फर्की आउँ' कार्यक्रम सञ्चालन गर्दै पख्नोस् तपाईका लागि हामी केही गर्दै छौँ' अभियान सञ्चालन गर्ने, कृषिमा पकेट क्षेत्रको अवधारणालाई अगाडि सार्दै उन्नत विरुवाको उत्पादन गरी उत्पादकत्व वृद्धि गर्न बहुउद्देश्यीय नर्सरी निर्माण गर्ने, स्थानीय तहमा भेटेनरी डाक्टरको व्यवस्था गर्ने, नगरपालिका भित्र भूमि बैंक स्थापना गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

त्यस्तै व्यवसाय ऋणमा सहुलियत कर्जा कार्यक्रमलाई निरन्तरता दिने, प्लाष्टिक टनेल र प्लाष्टिक पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिने, बिउ श्रोत केन्द्रको स्थापना गर्ने, एक वडा एक पहिचान कार्यक्रमलाई अगाडि बढाउने, कफीको जननी मुसिकोट नगरपालिकालाई राष्ट्रिय पहिचान दिन सञ्चालित 'कफी लगाऔँ आम्दानी बढाऔँ' कार्यक्रमलाई निरन्तरता दिने, मुसिकोटको सामान मुसिकोटमा उत्पादन भन्ने नारालाई आत्मसाथ गर्दै कृषि उपजको बिक्री सुनिश्चित गर्न कृषि उपज विनिमय बजार सञ्चालन गर्ने, बाहिरबाट आउने खाद्यान्न एवम् तरकारी जन्य वस्तुहरु आयातलाई निरुत्साहित गर्ने, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिने विषय उल्लेख गरिएको छ।

मुसिकोट नगरपालिकाका सार्वजनिक संस्थान तथा धार्मिक पर्यटकीय स्थानहरुको संरक्षण र सवर्द्धनका लागि सार्वजनिक सम्पत्तीको सम्भार कोष स्थापना गर्ने, विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, शिक्षालाई व्यवहारिक बनाउन शिक्षालाई सिपसँग सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने, पढ्नै कमाउँदै कार्यक्रमलाई परीक्षणको रुपमा प्रयोग गर्ने, एक वडा एक खेलकुद मैदान निर्माण गर्ने, जिरो होम डेलिभरी स्थानीय तह घोषणा गर्ने, कुर्घा स्वास्थ्य चौकीमा ल्याब स्थापना गर्ने, गर्भवतीसँग उपप्रमुख कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्दै गर्भवती तथा सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा दिने कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरिएको छ।

त्यस्तै नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख खरेलले आगामी आर्थिक वर्षमा नगर प्रहरी भर्ती गर्ने, एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिने, वातावरणीय प्रभाव मूल्यांकन गर्दै सडक सञ्जाल विस्तार गर्ने, रिङ्ग रोडको अवधारणालाई निरन्तरता दिने, वामीमा बसपार्क निर्माणका लागि जग्गा प्राप्तिका लागि पहल गर्ने, नगरपालिकाका सबै वडामा राष्ट्रिय प्रशारण लाइनको विद्युत् विस्तार गर्ने नीति तथा कार्यक्रमले लक्ष्य लिएको छ।

# सामुदायिक रेडियोकर्मीलाई क्षमता विकास तालिम

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, १० असार

दाङको तुलसीपुरमा सामुदायिक रेडियोकर्मीहरुलाई ३ दिने क्षमता विकास तालिम शुरु भएको छ।

रेडियो हाम्रो पहुँचको आयोजना तथा सामुदायिक रेडियो प्रसारक संघ (अकोर्‍याव)को प्राविधिक सहयोगमा तुलसीपुरमा शुरु भएको सामुदायिक रेडियोकर्मीहरुका लागि ३ दिने क्षमता विकास तालिमको उद्घाटन सत्रमा सामुदायिक रेडियो प्रसारक संघका केन्द्रीय सदस्य तथा हाम्रो पहुँच बहुद्देश्यीय सहकारी संस्थाका अध्यक्ष शुक्रराज भण्डारीले पछिल्लो समय सामुदायिक रेडियोहरुमा काम गर्ने पत्रकारहरुको संख्या न्यून हुन थालेको बताए।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका भण्डारीले भाषा र शुद्धतामा ध्यान दिँदै समाचार र कार्यक्रमलाई समुदाय केन्द्रित बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रमका विशिष्ट अतिथि सामुदायिक रेडियो प्रसारक संघ (अकोराव)का केन्द्रीय सदस्य संगित बस्यालले अरुको सिको गर्दै अनुमानका भरमा समाचार प्रकाशन तथा प्रशारण गर्नाले सञ्चार क्षेत्रप्रतिको विश्वास घटेको बताए। बस्यालले पत्रकार आफैँ दक्ष भएमात्र अनुसन्धानका विषयमा कलम चलाउन र आवाज बुलन्द गर्न सकिने बताए।

हाम्रो पहुँच बहुद्देश्यीय सहकारी संस्थाका शिक्षा तालिम उपसमिति संयोजक जीवराज अधिकारीको अध्यक्षता, सामुदायिक रेडियो प्रसारक संघका केन्द्रीय सदस्य हाम्रो पहुँच बहुद्देश्यीय सहकारी संस्थाका अध्यक्ष शुक्रराज भण्डारीको प्रमुख आतिथ्यता एवम् अकोरावका केन्द्रीय सदस्य संगित बस्यालको विशिष्ट आतिथ्यतामा उद्घाटन कार्यक्रम सम्पन्न भएको हो। ३ दिन सम्म चल्ने तालिमको प्रशिक्षकमा सामुदायिक रेडियो संघ (अकोराव)का म्यानेजर दिपक आचार्य रहेका छन्।

हाम्रो पहुँच बहुद्देश्यीय सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत जनक भण्डारीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा पत्रकार महासंघ दाङका सहसचिव दिप्ती शिखा चौधरी, रेडियो प्रकृतिका स्टेसन म्यानेजर ओपेन्द्र बस्नेत, हाम्रो पहुँच बहुद्देश्यीय सहकारी संस्थाका लेखा समितिका संयोजक सूर्य शर्मा लगायतले मन्तव्य राखेका थिए। कार्यक्रमको सहजीकरण रेडियो हाम्रो पहुँचका स्टेसन म्यानेजर बसन्त पौडेलले गरेका थिए।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**
चाकुपाट, ललितपुर

**मदन भण्डारी राजमार्ग अन्तर्गत घर्तिगाउँ–पातिहाल्ने – बागचौर सडकखण्ड (३८ कि.मी.) को नयाँ निर्माण तथा स्तरोन्नतिको आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सूचना**

प्रथम पटक प्रकाशित मितीः २०७९/०३/२७
दोस्रो पटक प्रकाशित मितीः २०७९/०३/११

लुम्बिनी प्रदेश, रोल्पा जिल्लाका माडी गाउँपालिका र गंगादेव गाउँपालिका तथा कर्णाली प्रदेश, सल्यान जिल्लाका बागचौर नगर पालिका र छत्रेश्वरी गाउँपालिकामा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट, ललितपुर |
| प्रस्तावको व्यहोरा | मदन भण्डारी राजमार्ग अन्तर्गत घर्तिगाउँ पारिवाङ, भित्तावाङ, पिपलबोट, ओटावाङ, मेलडाँडागाउँ, भुर्ती, मेवाङ, सुखाओडार, झाक्रीखर्क, जिनावाङ, गुराँसे, जालेखार्क, पालाटे, धानबोट, गैरी, खत्रीगाउँ, गैरागाउँ, केराथाना, कोटमौला हुदैं बागचौर सम्मको ३८ कि.मी. सडक नयाँ निर्माण तथा स्तरोन्नति आयोजना (कालोपत्रे)<br>सुरु बिन्दु - माडी गाउँपालिका २, घर्तिगाउँ अन्तिम विन्दु - बागचौर नगरपालिका २, बागचौर<br>क्षेत्राधिकार (राइट अफ वे) ५० मि. (२५/२५ मि. दुवैतिर)<br>फर्मेसन चौडाई : नाली बाहेक ९ मि. केरियज वे चौडाई : ७ मि. शोल्जरः १/१ मि. दुवै तर्फ |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | रोल्पा जिल्लाको माडी गाउँपालिका १ र २: गंगादेव गाउँपालिका १ र ३<br>सल्यान जिल्लाको बागचौर नगरपालिका २, ८ र ९: छत्रेश्वरी गाउँपालिका १ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्वन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जौविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणालि र आर्थिक प्रणालिमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./ गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगनामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगनाः**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| **मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**<br>चाकुपाट, ललितपुर<br>फोनः ०१-५२६०१७४<br>ईमेलः mabhpd@dor.gov.np | **नेपाल सरकार– भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं**<br>फोनः ०१-४२११७३२/४२११९३१/४२११६०३<br>ईमेलः info@mopit.gov.np<br>वेबसाइटः www.mopit.gov.np | **उन्नती ईन्जिनियरिङ प्रा. लि. काठमाडौं -१०, बुद्धनगर**<br>फोन :९७७-९८५१०६३०२०<br>ईमेलः enggunnati@gmail.com |

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०७९/०३/११*

यस कम्पनीको मिति २०७९/०१/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०२/२७ को निर्णय अनुसार साविक कम्पनी **ईजी प्रोपर्टी सोलुसन प्रा.लि.** (प्रा.लि.नं. २३११०९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **भिजन रियल स्टेट प्रा.लि.** अंग्रेजीमा **Vision Real Estate Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०५/२९ मा दर्ता भएको **प्रा.लि. नं. ७८७१० को एन्टिक ल्याण्ड टेक इन्स्टिच्युट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०६/०४ मा दर्ता भएको **प्रा.लि. नं. ७६२९४ को जम्बो डेकोर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०३/११**

